NIC ASIA CAPITAL

ISO 9001 : 2015 Certified Capital

idea to iPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
## वैशाख २३, २०७९

**एन आई सी एशिया क्यापिटलले लगानी व्यवस्थापन सेवा अन्तर्गत पहिलो पटक "९९% प्रोफिट योजना" सार्वजनिक।**

**"हजुरहरुको लगानी व्यवस्थापन एन आई सी एशिया क्यापिटलको साथमा, प्रोफिटको ९९% हजुरको हातमा"**

एन आई सी एशिया क्यापिटलले "हजुरहरुको लगानी व्यवस्थापन एन आई सी एशिया क्यापिटलको साथमा, प्रोफिटको ९९% हजुरको हातमा" भन्ने अभियान सहित शेयर बजारमा प्रवेश गर्न चाहने नयाँ लगानीकर्ताहरु तथा विदेशमा बसोबास गर्ने नेपालीहरुलाई शेयर बजारमा भित्राई समग्र शेयर बजारको विकास, विस्तार गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने मुख्य उद्देश्यका साथ लगानी व्यवस्थापन सेवा (Portfolio Management Service-PMS) अन्तर्गत सिमित अवधीको लागि **"९९% प्रोफिट योजना"** संचालन गरेको छ। उक्त योजना अन्तर्गत क्यापिटलले सेवाग्राहीहरुलाई निःशुल्क लगानी व्यवस्थापन सेवा उपलब्ध गराउनुको साथै लगानी गरिएको रकमबाट प्राप्त मुनाफामा मात्र १ प्रतिशत Performance Fee लिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**९९% प्रोफिट योजना अन्तर्गतका विशेषताहरु :**

| | |
|---|---|
| **लगानी व्यवस्थापन शुल्क** | **निःशुल्क** |
| Hurdle Rate | **लागु नहुने** |
| Performance Fee | **मुनाफाको १ प्रतिशत मात्र** |
| **मुनाफा वितरण अनुपात** | **९९ प्रतिशत** |
| **न्युनतम लगानी गर्नुपर्ने रकम** | **रु.१० लाख देखि** |
| **अवधि** | **कम्पनीमा १ वर्ष** |
| ❖ **अनलाईन मार्फत समेत बिदेश तथा स्वदेशको जुनसुकै भुभागबाट सेवा लिन सकिन** ❖ **नगद वा रु.१० लाख बराबरको शेयर समेत दिई सेवा लिन सकिने।** | |

यस ९९% प्रोफिट योजना अन्तर्गतको सेवाले शेयर बजार सम्बन्धी ज्ञान नभएका नयाँ लगानीकर्ताहरु, लहैलहैमा शेयर बजारमा प्रवेश गरी राम्रो सँग आफ्नो पोर्टफोलियो व्यवस्थापन गर्न नसकिरहेका लगानीकर्ताहरु, शेयर बजार सम्बन्धी ज्ञान तथा बजारबाट प्राप्त गर्ने अवसरको बारेमा राम्रो जानकारी हुँदाहुदै पनि समय अभावको कारणले गर्दा लगानी गर्न नसकिरहेका व्यक्ति तथा संस्थाहरुले लाभ लिन सक्ने क्यापिटलको विश्वास रहेको छ।

साथै, उक्त सेवा लिने सेवाग्राहीहरुलाई शेयर बजार सम्बन्धी राम्रो ज्ञान, दक्ष तथा अनुभवी कर्मचारीहरुको समूहबाट सुक्ष्म रुपमा बजारको अध्ययन गरी लगानी गर्ने सम्बन्धी निर्णय गरिने छ। जसले गर्दा बजारमा आउने उतार चडावबाट सेवाग्राहीहरुले उचित लाभ लिन सक्नेछन्।

एन आई सी एशिया ९९% प्रोफिट योजना अन्तर्गतको सेवा लिनका लागि एन आई सी एशिया क्यापिटलको वेभसाइट www.nicasiacapital.com वा सोझै https://portfolio.nicasiacapital.com मा क्लिक गरि रितपुर्वक विवरण भरी उक्त सेवा लिन सकिनेछ। साथै योजना सम्बन्धी थप जानकारीको लागि मोवइल नं. ९८५१२७३१४९ वा इमेल ठेगाना pms@nicasiacapital.com मा सोझै सम्पर्क गर्न सकिनेछ।

Ramendra

..............................

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य